नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८२/८३
चलानी नं.:- १६०८

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/१२/०९

**विषयः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री सुनोभा ऊर्जा प्रा. लि.
टोखा-१०, काठमाण्डौ ।
फो नं.: ९८५११७४३६३

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित बुवा खोला जल विद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले सो कागजात/विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र पेश गर्नु हुन मिति २०८२/१२/०९को निर्णयानुसार जानकारी गराइन्छ ।

१. सप्तकोशी उच्च बाँध बहुउदेश्यीय आयोजनालाई मध्यनजर गरी प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको संशोधित Desk study report (हाल पेश भएको डेस्क अध्ययन प्रतिवेदन अध्ययन गर्दा सप्तकोशी उच्च बाँध बहुउदेश्यीय आयोजनाको ढुवान क्षेत्रमा पर्न सक्ने देखिएकोले आयोजनाको सम्पूण संरचनाहरु समुन्द्री सतहबाट ३१२ मी सम्ममा हुने गरी प्रस्ताव भएमा मात्र प्रस्तुत दरखास्तमाथि कारवाही गर्न सकिने )।
२. संशोधित डेस्क अध्ययन प्रतिवेदन अनुसारको आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा ।
३. "भविष्यमा सप्तकोशी उच्च बाँध बहुउदेश्यीय आयोजनाको crest level नबढ्ला भन्न नसकिने हुँदा आयोजना निर्माण भएको अवस्थामा माथिल्लो तटमा निर्माण हुने आयोजनाहरु डुबानमा पर्न सक्ने सम्भावना भएकोले त्यस बापत भविष्यमा कुनै क्षतिपूर्ती दावी नगर्ने, सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाको विकास र कार्यान्वयनमा कुनै बाधा व्यवधान समेत खडा नगर्ने तथा सप्तकोशी उच्च बाँध बहुउदेश्यीय आयोजनाबाट हुने प्रभावको विषयमा प्रवर्द्धकले कुनै अदालतमा क्षतिपुर्तीको दावीलाई उजुरी वा मुद्दा मामिला गर्न नपाउने, मुद्दा मामिला वा उजुरी गरेमा भविष्यमा जारी हुने विद्युत आयोजनाको उत्पादनको सर्वेक्षण अनुमतिपत्र वा उत्पादनको अनुमतिपत्रको शर्त बमोजिम बदर हुने" विषयमा तहाँको सञ्चालक समितिको बैठकको निणर्य सहितको प्रतिवद्धता ।
४. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
५. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
६. कम्पनीको शेयर लगत अथवा लेखा परिक्षण गरिएको वित्तिय विवरणको आधारमा तयार गरिएको विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
७. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
८. परामर्श दातृ संस्थाको प्रबन्धपत्र, नियमावली तथा २०८१/८२को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
९. परामर्श दातृ संस्था सँग सम्भाव्यता तथा वातावरणीय अध्ययन गर्न भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर